# मुक्तिनाथ दर्पण

## अर्धवार्षिक बुलेटिन

२०८० असोज । वर्ष १२ अंक २

डिजिटल अंक





- फोटोमा मुक्तिनाथ ..........................................१
- रवै कहाँ गए वीरताका ....................................२
- Explore with Muktinath Family.................३
- कहिलेकाहीं म मेरो आँखाको नानी सम्झन्छु ....६
- दुर्घटना बीमा वापत रु. १० लाख हस्तान्तरण ....७
- सामाजिक उत्तरदायित्व कार्यक्रमहरु .............८
- मधेश प्रदेशमा व्हीलचेयर वितरण ..................८
- वित्तीय साक्षरता, विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन तथा घर दैलो कार्यक्रम सम्पन्न .......९
- हाम्रो सहकार्य र सम्झौता ...........................१०


## फोटोमा मुक्तिनाथ (Photo Archives)



मुक्तिनाथ कृषि कम्पनीको सहायक कम्पनी मुक्तिनाथ लाइभस्टक बैंक र बुटवल उप-महानगरपालिका बीच अत्याधुनिक बधशाला संचालनमा ल्याउन सम्झौता भएकोमा मुक्तिनाथ विकास बैंक परिवार निकै नै गौरवान्वित भएका छौं ।



"Best Presented Annual Report (BPA) Award 2022" लगातार चौथो पटकको बिजेता हुन पाउँदा सम्पूर्ण मुक्तिनाथ विकास बैंक परिवार हर्षित छौं ।

मुक्तिनाथ विकास बैंक

MUKTINATH BIKAS BANK

"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Global Alliance for Banking on Values

PROUD MEMBER

# वीरहरू तिमी थियौ र पो

खै कहाँ गए वीरताका
ती गाथाहरू
वीरहरू
तिमी थियौ र पो
वीरता थियो ।

तिम्रा खुकुरीका धारमा जितिएका
ती राज्यहरू
वीरहरू
तिमी थियौ र पो
एकीकरण थियो ॥

तिम्रा रगतको थोपाले कोरिएका
ती सीमाहरू
वीरहरू
तिमी थियौ र पो
सीमाना थियो |||

तिम्रा पाखुरीका बलले गाडिएका
ती खम्बाहरू
वीरहरू
तिमी थियौ र पो
किल्ला थियो ||||

शक्तिका सामु नझुकेका तिम्रा
ती शिरहरू
वीरहरू
तिमी थियौ र पो
बहादुरीता थियो |||||

देशका निमित्त काटिएका तिम्रा
ती शीरहरू
वीरहरू
तिमी थियौ र पो
बलिदान थियो ||||||

देशका लागि तिमीले लडेका
ती युद्धहरू
वीरहरू
तिमी थियौ र पो
रणभूमि थियो |||||||



भक्तराम दुलाल
पाँचखाल शाखा



# Explore With Muktinath Family





Fishtail Mountain Panorama view from Dhampus Gurung Home Stay, taken on 20 Oct. 2023 AD.
Captured By: **Dipendra Aryal** (Bhumahi Branch)





"From the pinnacle of Indradaha, the world unfolds in a breathtaking tapestry of nature's artistry, where land and sky meet in perfect harmony."
Picture By: **Binaya Ratna Shakya**
(Liability Business Department)





"On the path to Mardi High Camp, a breathtaking encounter with the stunning silhouette of Mt. Machapuchare
Picture By: **Avash Khanal**
(Branding and Corporate Affairs)

# Explore With Muktinath Family





"Maitidevi Mandir comes to life under the enchanting night sky, adorned with a tapestry of lights that reveal the temple's timeless beauty."
Captured By:
**Shiwani Dahal,**
(Liability Business Department)





"At Turlung Kot, Lamjung, the mountain range stretches out in all its glory, an awe-inspiring vista that leaves you breathless in the presence of nature's grandeur."
Picture By: **Nikita Chettri Khadka**
(Branding and Corporate Affairs)





"The last pith among the 52 piths of Sati Devi is a sacred religious place and is located in Chhatreshwari Village Pali Ward No. 6 of Salyan District.
Picture By: **Pradip Dangi**
(Luham Branch)

# Explore With Muktinath Family





"High above the clouds, the Dhaulagiri Mountain range reveals its majestic grandeur, a view only the sky can offer. An unforgettable journey through the realm of giants"
Picture By: **Triya Munankarmi**
(Liability Business Department)





"Driving on the ebony ribbon of Gajuri, Dhading, as it meanders through breathtaking vistas, revealing the beauty of the journey as much as the destination. "
Picture By: **Prasanna Shrestha**
(Kamaladi Branch)





"Fewa Lake by night, where the serene waters shimmer under the starry sky, and the boats carry dreams on their tranquil voyage. "
Picture By: **Kamal Puri**
(Liability Business Department)

# कहिलेकाहीँ म मेरो आँखाको नानी सम्झन्छु

कहिलेकाहीँ म मेरो आँखाको नानी सम्झन्छु,
उमेरको मातमा गरेका ती बेइमानी सम्झन्छु ।

जिन्दगीलाई रमाइलैमा विताउनु पर्ने रैछ यार,
लोभ लाग्दो थियो त्यो बेलाको जवानी सम्झन्छु ।

मलाई देखेपछि उनी नजिक-नजिक हुने गर्थिन,
उनी साथ हुँदा खेरी मुस्कुराउने बानी सम्झन्छु ।

शहरको गल्ली-गल्लीमा भौतारिन त मन थिएन,
काधँमा जिम्मेवारी, अनि गोजीको राहदानी सम्झन्छु ।



**लिलनाथ अधिकारी (कपिल)**
कटारी शाखा




## मुक्तक

१. तिर हानेपछि अवश्य मुटुमा खत हुन्छ,
रिस उठेसि सबैको तातो रगत हुन्छ,
हेपेर बोल्नु भन्दा अगाडि एक छिन सोच मित्र,
किनकि यहाँ तिम्रो जस्तो सबैको इज्जत हुन्छ ।

२. मेरै देशको नदी खोला ताल हेर्ने मन छ,
सधैं मुस्कुराई रहेने ती हिमाल हेर्ने मन छ,
ए यमराज मलाई लान अलि ढिला गर्नु है,
किनकि मलाई सबै नेपाल हेर्ने मन छ ।



# दुर्घटना बीमा वापत रू. १० लाख हस्तान्तरण

मुक्तिनाथ विकास बैंक लि.ले सवारी दुर्घटनामा परी ज्यान गुमाउनु भएका कोहलपुर न.पा. ११ का स्व. जय प्रकाश घर्तिको परिवारलाई बीमा दाबी भुक्तानी वापत रू. १० लाख उपलब्ध गराएको छ । निजले यस बैंकमा बीमा सुविधा भएको "मुक्तिनाथ उत्कृष्ट बचत खाता" खोल्नु भएको थियो । बैंकले सिद्धार्थ इन्स्योरेन्स लिमिटेडसँगको सहकार्यमा मुक्तिनाथ उत्कृष्ट बचत खाता खोल्ने ग्राहकको बीमा गरेको थियो ।

२०८० साल बैशाख १३ गते बुधबारका दिन कोहलपुर न.पा. ११ नं. वडा कार्यालयमा एक कार्यक्रम आयोजना गरी रू. १० लाखको चेक मृतकको श्रीमती श्री सलिना वली घर्तिलाई हस्तान्तरण गरेको छ । उक्त रकम बैंकका क्षेत्रीय प्रमुख श्री विजय के.सी र वडा अध्यक्ष श्रीमती कल्पना शर्माले संयुक्त रूपमा हस्तान्तरण गर्नुभएको थियो । सोही कार्यक्रममा अन्य जनप्रतिनिधीहरू, पत्रकार महासंघ बाँकेका अध्यक्ष दामोदर भण्डारी, बैंकका कर्मचारीहरू र स्थानीय व्यक्तिहरूको उपस्थिती रहेको थियो । हाल बैंकको परिवार लक्षित रू. १ करोड १ लाख सम्मको बीमा सुविधा दिने **"मुक्तिनाथ आर्शिवाद बचत खाता"** पनि निकै लोकप्रिय रहेको छ ।











# सामाजिक उत्तरदायित्व कार्यक्रमहरू

मुक्तिनाथ विकास बैंकले सामाजिक उत्तरदायित्व कार्यलाई निरन्तरता दिँदै २०७९ साल चैत्र महिनामा विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको छ ।

बैंकले पोखरा महानगरपालिका-२६, ढलेपिपल स्थित भूतपूर्व सैनिक कृषि समूहलाई फोहोरमैलाको अल्पकालिन व्यवस्थापनका लागि आवश्यक पर्ने डस्टविन एक कार्यक्रमका बीच हस्तान्तरण गरेको छ । बैंकले ट्राफिक कार्यालय कास्कीलाई विभिन्न ट्राफिक नियम पालना गर्नुपर्ने सम्बन्धी सन्देशमूलक वोर्डहरू हस्तान्तरण गरेको छ ।

साथै, बैंकले घोराही उप- महानगरपालिका-१६, तेरोटे, दाङ स्थित जेष्ठ नागरिक सरोकार केन्द्रलाई CCTV क्यामेरा जडानको लागि सहयोग गरेको छ भने नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. ०९ पिपलटारमा रहेको खानेपानीको समस्या समाधान गर्न बैंकले श्री पिपलटार खानेपानी आयोजना उपभोक्ता समितिलाई आर्थिक सहयोग समेत गरेको छ ।

# मधेश प्रदेशमा व्हीलचेयर वितरण





यस बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत मधेश प्रदेशका विभिन्न अस्पतालहरूमा व्हील चेयर (Wheelchair) वितरण गरेको छ । बैंकले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पताल जनकपुरधाम, चन्द्रनिगाहपूर अस्पताल, गजेन्द्र ना.सिंह सगरमाथा अञ्चल अस्पतालमा बिरामीहरूको सहजताको लागि आवश्यक पर्ने व्हीलचेयरहरू हस्तान्तरण गरेको छ । यस कार्यबाट स्वास्थ्य क्षेत्र तर्फ आफ्नो सामाजिक प्रयास जारी राख्दै उक्त अस्पतालमा आउनुहुने बिरामीहरूलाई केही राहत पुग्ने अपेक्षा गरेको छ ।




# वित्तीय साक्षरता, विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन तथा घर दैलो कार्यक्रम

नेपाल राष्ट्र बैंकले आ.व. २०७९-८० लाई विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन वर्षको रूपमा मनाउने अभियान थाले सँगै मुक्तिनाथ विकास बैंक लि.ले पनि सबै शाखा कार्यालयहरू र केन्द्रीय कार्यालयका कर्मचारीहरूको साहभागितामा शुक्रबार र शनिबारका दिन सेवाग्राही महानुभावहरूमा वित्तीय साक्षरता पुर्याउन र बैंकिङ्ग सेवा, सुविधाहरूको जानकारी दिन देशभर बृहत वित्तीय साक्षरता, विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन तथा घरदैलो कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रम विभिन्न शैक्षिक संस्थाहरू, समुदाय केन्द्रहरू तथा सार्वजनिक स्थलहरूमा गरिएको थियो ।

**"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"** भन्ने मर्म बोकेको यस बैंकले आफ्नो जिम्मेवारी मनन् गर्दै यो कार्यक्रमको आयोजना गरेको हो । सो कार्यक्रममा बैंकका अध्यक्ष, सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापन सहित सम्पूर्ण कर्मचारीहरू र केही संस्थापक सेयरधनी महानुभावहरूको सहभागिता रहेको थियो ।

घर दैलोमै पुगेर यस्तो कार्यक्रम गर्दा विधार्थीहरू, सर्वसाधरण तथा ग्राहक महानुभावहरूमा बैंकका विभिन्न सेवाका बारे जानकारी गराउँदा सहज भएको र यसबाट बैंकको नाम मात्र नभई बैंकिङ्ग क्षेत्रको बारेमा पनि जानकारी बढ्ने अपेक्षा गरिएको छ ।












# हाम्रो सहकार्य

यस विकास बैंकले विभिन्न संस्थाहरूसँग सहकार्य गरी आफ्ना ग्राहकहरूलाई थप सेवा, सुविधा र लाभ प्रदान गर्दै आइरहेको छ । ती सहकार्यहरू निम्न बमोजिम छन् ।

| क्र.सं. | अस्पताल तथा ल्याव | ठेगाना | छुट % |
|---|---|---|---|
| १ | सुक्र हाउस अफ डाग्नोसिस एण्ड वेलनेस सेन्टर | पानीपोखरी, काठमाडौं | १०-१५ |
| २ | रामनगर सामुदायिक अस्पताल | सुनवल, नवलपरासी | ५-२० |
| ३ | कास्की मोडल अस्पताल | न्यूरोड, पोखरा | १२ |
| ४ | टेस्ला डाग्नोस्टिक क्लिनिक प्रा. लि. | वालुवाटार, काठमाडौं | १० |
| ५ | भिजन कर्नसन अप्टिकल एण्ड आई क्लिनिक | बौद्व, चाबहिल र लाजिमपाट, काठमाडौं | ५-२५ |
| ६ | एरोगिन हेल्थ एण्ड स्किन | बिशालनगर काठमाडौं | ४५ |
| ७ | चिरायु नेशनल हस्पिटल | बसुन्धारा, काठमाडौं | ५-१० |
| ८ | ब्लु क्रस हस्पिटल | त्रिपुरेश्वर, काठमाडौं | १२ |

| क्र.सं. | होटेल/ मनोरञ्न | ठेगाना | छुट % |
|---|---|---|---|
| १ | द्विष्य लाउन्ज | नयाँ बानेश्वर, काठमाडौं | १५ |
| २ | मिराकी होलिस्टिक वोल्नेस् रिट्रिट | बुढानिलकण्ठ, काठमाडौं | १५ |
| ३ | द हिमालयन ग्रिल सामाखुसी | सामाखुसी, काठमाडौं | १५ |
| ४ | डालो रेस्ट्रा | बसुन्धारा, काठमाडौं | १० |
| ५ | ल्यान्डमार्क होटेलस्, रिसोट एण्ड स्पा | पोखरा, काठमाडौं र चितवन | १५ |

# सम्झौता

| क्र.सं. | गैर-सरकारी संस्था | ठेगाना |
|---|---|---|
| १ | iDE Nepal | ललितपुर |
| २ | KFW, Germany for SEDRA II | जर्मनी |
| ३ | Dutch fund for Climate & Development (DFCD/SNV) | ललितपुर |

**सल्लाहकार**
गोविन्द बहादुर राउत

**सम्पादक**
नम्रता गौतम

**डिजाइन**
आभास खनाल

मुक्तिनाथ दर्पण अर्धवार्षिक बुलेटिनको लागि लेख, कविता, तस्विर वा अरूकुनै कन्टेन्ट प्रकाशनको लागि branding.ca@muktinathbank.com.np मा इमेल वा Branding and Corporate Affairs Department मा सम्पर्क गर्न अनुरोध गर्दछौं ।


मुक्तिनाथ विकास बैंक
MUKTINATH BIKAS BANK
Step aside ordinary payment methods
TAP OR SWIPE
TO PAY
We Charge NRS. 0 for E-commerce
Activation on Muktinath VISA Debit Card
*T&C Applied
VISA
scan to know more
TOLL FREE NO: 16600149999